मिति : २०८१ वैशाख १८ गते

**संयुक्त प्रेस विज्ञप्ति**

महोत्तरी जिल्ला मटिहानी नगरपालिका वडा नं. ६ स्थित जरलहवा र मुस्लिम टोलमा २०८१ वैशाख १२ गते भएको भीषण आगलागीको घटनाप्रति हामी दु:ख प्रकट गर्दछौँ ।

आगलागीबाट १ सय ३ घर परिवार पीडित भएको छ भने बस्तीका बालबालिकाहरूको अध्ययन सामग्रीहरु जलेर नष्ट भएको छ, जसले गर्दा बालबालिकाहरू पढाइबाट बञ्चित रहेको पाइएको छ । आगलागीका कारण मानवीय क्षति नभए पनि १ सय २५ ओटा भन्दा बढी घरगोठ, सात ओटा चौपाया जलेको छ । परालको कुन्युबाट बिहान १२ बजेदेखि सल्किएको आगो ७ बजे साँझ नियन्त्रणमा आएको र आगोले मुश्लिम र हत्ता टोलका घरहरू पूर्ण रुपमा जलेर खरानी भएको अनुगमनका कममा पाइएको छ । आगलागीबाट ९४ ओटा घरहरू पूर्ण क्षतिग्रस्त भएका छन् भने नौ ओटा घरमा आंशिक क्षति भई १ करोड ६२ लाख ८५ हजार रुपियाँ बराबरको सम्पति क्षति भएको छ ।

आगजानी घटनाका पीडितलाई तत्काल राहत र बासको व्यवस्थापनका लागि तीन तहकै सरकारसँग आग्रह गर्दछौँ । आगामी दिनमा आगजनी लगायतका प्राकृतिक विपत्का घटनालाई मध्यनजर गर्दै पालिका तथा वडास्तरीय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिलाई क्षमता अभिवृद्धि गराई, विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका पूर्व तयारीका योजनाहरू निर्माण गरी विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालनका लागि ध्यानाकर्षण गराउन चाहन्छौँ ।

**बोधार्थ :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं ।
२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेस प्रदेश
३. मटिहानी नगरपालिकाको कार्यालय, महोत्तरी
४. जिल्ला विपत् व्यवस्थापन समिति, महोत्तरी ।

राजु पासवान, संयोजक, इन्सेक मधेस प्रदेश

देवकुमारी महरा, अध्यक्ष, मुक्ति नेपाल

अर्जुन साह, संयोजक, थर्ड एलायन्स मधेस प्रदेश

विणा सिंह, जिल्ला संयोजक, ओरेक, धनुषा

सुभद्रा आले, जिल्ला संयोजक, मानव अधिकारका लागि महिला एकल महिला समूह

नथुनी मोची, अध्यक्ष, सामूहिक सरोकार समाज नेपाल